# कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रम

# नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)

# युरोपियन युनियनको सहयोगमा

# प्रेस विज्ञप्ति : खाद्य सुरक्षा अवस्था (श्रावण २०७२ देखि कार्तिक २०७२ सम्म)

## १. वर्तमान अवस्थाः श्रावण २०७२ देखि कार्तिक २०७२

यस प्रतिवेदन अवधिमा ६६ जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले बैठक गरि श्रावण, २०७२ देखि कार्तिक, २०७२ सम्मको अवधिको खाद्य सुरक्षा अवस्थाको विश्लेषण र मंसिर, २०७२ देखि फाल्गुन, २०७२ सम्मको पूर्वानुमानको प्रक्षेपण गरे । एकिकृत खाद्य सुरक्षा चरणमा वर्गिकरणको विधिमा आधारित भएर जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले गा.वि.स हरुलाई उच्चतम् (चरण ३), मध्यमस्तरीय (चरण २), र न्यूनतम (चरण १) गरी खाद्य असुरक्षितका विभिन्न चरणमा वर्गिकरण गरेका छन् । तराईमा हाल विद्यमान असहज अवस्थाका कारणले धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा, र सप्तरी जिल्लामा जिल्ला खाद्य सुरक्षा सञ्जालहरुको बैठक बस्न सकेन; यी जिल्लाहरुमा निकट भविष्यमा बैठकहरु सञ्चालन गरिनेछ ।

विशेष गरी बैशाख १२, २०७२ को भूकम्प र तत्पश्चातका पराकम्पनहरुले मध्य, पश्चिम र पूर्वी पहाडी क्षेत्रहरुमा जीविकोपार्जन र खाद्य सुरक्षामा उल्लेख्य प्रभाव पर्‍यो, जस्को असर माथि उल्लेखित अवधिभरी पनि परिरह्यो । यद्यपी जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जेठ २०७२ देखि असार २०७२ सम्मको अवधिको तुलनामा हाल भूकम्प प्रभावित जिल्लाहरुमा खाद्य सुरक्षा अवस्था सुध्रिएको जनाएका छन् । यस अवधिमा जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले कुनै पनि गा.वि.सहरुलाई खाद्य असुरक्षाका दृष्टिकोणले गंभिर खाद्य असुरक्षित चरण (चरण ४) अवस्थामा वर्गिकरण गरेनन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ९ (नौं) जिल्लाका १२० गा.वि.स हरुलाई उच्चतम् (चरण ३) खाद्य असुरक्षित चरणमा वर्गिकरण गर्दै करिब ६०,००० घरधुरीहरुका अनुमानित २६०,००० मानिसहरु प्रभावित भएको अनुमान गरेका छन् र उनीहरुलाई मानविय सहयोगको आवश्यकता रहेको जनाएका छन् । यो यस्तो अवस्था हो जहाँ घरधुरीहरुले जीवनयापनका साधनहरु नगुमाइकन आफ्ना खाद्य र गैह्रखाद्य आवश्यकताहरु परिपूर्ति गर्न सकेनन् । जिल्ला खाद्य सुरक्षा सञ्जालले माथि उल्लेखीत खाद्य असुरक्षाको अवस्थालाई महाभूकम्पको प्रभाव, मकै, धान र कोदो जस्ता बर्षे बालीहरुको उत्पादनमा आएको ह्रास, बजार मूल्यमा बढोत्तरी र वर्तमान इन्धन संकटको असरहरुसँग जोडेर विश्लेषण गरेका छन् ।

उच्चतम खाद्य असुरक्षित (चरण ३) मा वर्गीकृत हुने गाविसहरुको सबभन्दा ठूलो संख्या सिन्धुपाल्चोक जिल्लामा देखियो जहाँ जिल्ला खाद्य सुरक्षा सञ्जालले ३३ (तेत्तिस) गा.वि.स हरुलाई चरण ३ मा वर्गीकरण गरेका छन् । यसको मुख्य कारण बैशाख २०७२ को महाभूकम्प, मकै (२०%), धान (२२%) र कोदो (१०%) को उत्पादनमा आएको ह्रास र साथै पशुपालनको उत्पादन समेत १६% ले घट्नुलाई आधार मानिएको छ । क्रमिक रुपमा यस जिल्लामा खाद्य वस्तुको बजार मूल्यमा ८०% को वृद्धि र विप्रेषण प्रवाहमा आएको २०% को ह्रासले अवस्था झन् झन् विग्रेर गएको छ । भूकम्प प्रभावित अन्य जिल्लाहरुको हकमा भने चरण ३ को वर्गीकरण गोरखा (२०), नुवाकोट (१३), रामेछाप (१२), दोलखा (११), र रसुवा (२) गाविसहरु रह्यो र परिणाम स्वरुप भूकम्प प्रभावित् जिल्लाहरुमा ४८,६०० घरधुरीका लगभग २०४,४०० मानिसहरु गंभिर खाद्य असुरक्षित अवस्थामा रहेको पाइयो ।

सूदुरपश्चिम विकास क्षेत्रमा, बाजुरा जिल्ला खाद्य सुरक्षा सञ्जालले १० गाविसहरुलाई चरण ३ मा वर्गीकरण गर्‍यो र ७,४०० घरधुरीबाट लगभग ३२,८०० मानिसहरु प्रभावित भएको अनुमान गरेको छ । यो प्रतिकूल अवस्था आउनुमा मकै र कोदो (५०%) र धान (१३%) को उत्पादनमा आएको ह्रास र रोजगारीका अवसरहरुमा आएको ३० % को कमीका कारणले देखिएको हो । बर्षे बालीहरुमा देखिएको उत्पादन ह्रासका कारणले कर्णालीमा पनि जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले मुगु जिल्लाका १२ गाविस र डोल्पा जिल्लाका ७ गाविसहरुलाई चरण ३

को खाद्य असुरक्षित् अवस्थामा वर्गीकरण गरे र ४,००० घरधुरीका २२,८०० मानिसहरु यस अवस्थाबाट प्रभावित हुन पुगेको अनुमान गरेका छन् ।

यसका अतिरिक्त, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले १७ जिल्लाका थप २९८ गा.वि.सहरु जसमा सिन्धुपाल्चोक (४६), नुवाकोट (२७), रसुवा (१२), काभ्रेपलाञ्चोक (३२), दोलखा (१४), रामेछाप (२२), धादिङ (१६), ओखलढुङ्गा (१३), ताप्लेजुङ्ग (१५), खोटाङ्ग (९), गोरखा (१७), बाजुरा (१७), डोटी (२), डोल्पा (१३), हुम्ला (२७), कालिकोट (१०), र जाजरकोट (६) लाई मध्यमस्तरीय खाद्य असुरक्षित चरण (चरण २) मा वर्गीकरण गरेका छन् । यो यस्तो अवस्था हो जसमा घरधुरीहरुले परम्परागत निर्वाह पद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्छन् तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने घरधुरीहरुले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाह पद्धतिहरु नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले मुलुकको बाँकी भागलाई न्यूनतम खाद्य असुरक्षित चरण (चरण १)मा वर्गीकरण गरेका छन्, जहाँका घरधुरीहरु जीविकोपार्जनका पद्धतिहरु (उपायहरु) परिवर्तन नगरिकन खाद्य र गैह्र खाद्य आवश्यकताहरु पूरा गरिरहेका (धानी रहेका) छन् । यी घरधुरीहरु आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण विद्दमान खतरा, प्रकोप, संकट, माहामारी र द्वन्द वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरु झेल्न सक्ने अवश्थामा हुन्छन् । यी उल्लेखित क्षेत्रहरुमा बर्षे बालीहरुको (मकै, धान र कोदो) प्रयाप्तता, र भण्डारण, कृषिजन्य र गैर कृषिजन्य कृयाकलापहरुबाट प्राप्त आम्दानीले गर्दा घरधुरीको खाद्य उपलब्धता र पँहुचमा मनग्य योगदान पुर्‍यायो र मानव सृजित विपत्तिले घरधुरीको खाद्य उपयोगिता र स्थिरतामा सामान्य मात्र प्रभाव पर्‍यो ।

नक्सा १: नेपालको खाद्य सुरक्षा अवस्था (श्रावण २०७२ देखि कार्तिक २०७२)

## २. पूर्वानुमान : मंसिर देखि फागुन २०७२

जिल्ला खाद्य सुरक्षा सञ्जालले, हाल विद्यमान अवस्था र भावी सम्भावनालाई मध्यनजर गदै, मंसिर देखि फागुन, २०७२ सम्मको अवधिमा खाद्य सुरक्षाको अवस्था सप्रिने, यथास्थितिमा रहने वा खस्किन सक्ने बारेमा समेत प्रक्षेपण गरेका छन् । बर्षे बालीको उत्पादनमा आएको ह्रास, बालीनाली रिक्त समयका असर, खाद्य सुरक्षा र जीविकोपार्जनमा भूकम्पले पारेका प्रभावहरु, इन्धन संकट, सडक अवरोध, बजारमूल्यको अनियन्त्रित बृद्धि जस्ता विविध कारणहरुले गर्दा आउँदो अवधिमा उल्लेखनीय संख्यामा गा.वि.सहरु मध्यम स्तरीय खाद्य असुरक्षा वा त्यो भन्दा पनि सोचनीय अवस्थामा जान सक्ने अनुमान गरिएको छ ।

सूदुरपश्चिम विकास क्षेत्रमा, बाजुरा जिल्ला खाद्य सुरक्षा सञ्जालले बालीनाली रिक्त समयको असर, सीमित ज्यालादारी रोजगारीका अवसरहरु, विप्रेषण प्राप्तिमा न्यूनता, खाद्य वस्तुको सम्भावित मूल्यबृद्धि, ग्रामिण पूर्वाधार निर्माण कार्य (RCIW) परियोजनाको समाप्ती जस्ता कारणहरुले गर्दा १० गा.वि.सलाई गंभिर खाद्य असुरक्षित् चरण (चरण ४) र १७ (सत्र) गा.वि.सलाई उच्चतम खाद्य असुरक्षित चरण (चरण ३) को अवस्थामा पुग्न सक्ने जनाएका छन् । त्यसैगरी कर्णालीमा, जिल्ला खाद्य सुरक्षा सञ्जाल मुगुले बर्षे बालीमा ८५% ह्रासका कारणले हाल चरण ३ मा रहेका १२ गा.वि.सहरु चरण ४ मा पुग्न सक्ने अनुमान गरेका छन् । त्यसका अतिरिक्त, जिल्ला खाद्य सुरक्षा सञ्जालले डोल्पाका ७ (सात), हुम्लाका (१७), मुगका (१२), र कालिकोटका (१०) गा.वि.सहरुलाई चरण ३ को खाद्य असुरक्षित् अवस्थामा जान सक्ने भनि अनुमान गरेका छन् । यी सबैजसो जिल्लाहरुमा जिल्ला खाद्य सुरक्षा सञ्जालले बर्षे बालीको उत्पादनमा आएको ह्रास र खाद्य वस्तुको बजार मूल्य वृद्धि जस्ता कुराहरुलाई मुख्य कारणको रुपमा जिम्मेवार ठह्रर्‍याएका छन् ।

मध्यमाञ्चल विकास क्षेत्रका भूकम्प प्रभावित पहाडी जिल्लाहरुमा जिल्ला खाद्य सञ्जालहरुको अनुमान अनुसार मंसिर-फागुन, २०७२ को अवधिमा वर्तमान अवस्थाको तुलनामा उच्चतम् खाद्य असुरक्षा भएका गा.वि.स (चरण ३) को संख्या ७१ बाट घटेर २८ गा.वि.स मा झर्नेछ । यो सकरात्मक पूर्वानुमानका लागि मकै, धान, कोदो र आलु जस्ता बर्षे बालीहरुको उत्पादन, भूकम्प पश्चात सरकारी तथा गैरसरकारी संस्थाहरुबाट सञ्चालन गरिएका कार्यक्रम, कृषि तथा गैरकृषि कृयाकलापबाट प्राप्त आम्दानी र विप्रेषण जस्ता आधारहरु मुख्य कारक तत्व रहेका छन् ।

यसैगरी मंसिर-फागुन, २०७२ सम्म चरण ३ का खाद्य असुरक्षा भोग्नुपर्ने गा.वि.सहरुको जिल्लागत संख्या यसप्रकार हुन सक्ने अनुमान छ- दोलखा (११), रामेछाप (१२), रसुवा (२), र नुवाकोट (३) तर गोरखा जिल्लाको हकमा भने जिल्ला खाद्य सुरक्षा संञ्जालहरुले प्रक्षेपण गरे अनुसार वर्तमान अवस्थामा चरण ३ को खाद्य असुरक्षा अवस्था भोगिरहेका २० गा.वि.सहरुको अवस्था यथावत् रहन सक्नेछ । त्यस्तैगरी , जिल्ला खाद्य सुरक्षा सञ्जालले अरु २३ जिल्लाका ४१० गा.वि.स हरु मध्यम स्तरीय खाद्य असुरक्षित चरण (चरण २) मा वर्गिकृत हुन सक्ने जनाएका छन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार मध्यम स्तरीय खाद्य असुरक्षित गा.वि.सको संख्या निम्नानुसार छ: अछाम (१९), बैतडी (१३), बझाङ्ग (२७), दार्चुला (२०), डोटी (१८), डोल्पा (१६), हुम्ला (१०), जुम्ला (१६), कालिकोट (२०), सल्यान (१८), दैलेख (१०), सुर्खेत (१०), जाजरकोट (११), धादिङ्ग (५), सिन्धुली (२३), दोलखा (२३), रामेछाप (२२), रसुवा (१२), नुवाकोट (२८), काभ्रेपलाञ्चोक (३२), सिन्धुपाल्चोक (३३), ताप्लेजुङ्ग (१५), र खोटाङ्ग (९) ।

आगामी चार महिनाको अवधिमा, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जनाए अनुसार देशका अन्य क्षेत्र भने न्यूनतम खाद्य असुरक्षित चरण (चरण १) मा बर्गिकृत हुन सक्ने छन्, जहाँका घरधुरीहरु बर्षे बाली (धान, मकै र कोदो) को सञ्चयको उपभोग गर्नेछन् र ज्यालादारी कामबाट प्राप्त नियमित आम्दानी, कृषि तथा पशुधन उत्पादनको बिकी र विप्रेषणबाट आफ्नो जीविकोपार्जन गर्नेछन् । तथापी, तराईमा व्याप्त आन्दोलनको अवस्था र पहाडी क्षेत्रहरुमा हिमपातले हुने सडक अवरोधका कारणले गर्दा बजारहरु राम्ररी सञ्चालन हुन नसक्ने अवस्था देखिन्छ जसको कारणले खाद्य वस्तुको मूल्य वृद्धि हुन सक्नेछ ।

वर्तमान खाद्य सुरक्षाको अवस्था (श्रावण देखि कार्तिक, २०७२) र (मंसिर देखि फाल्गुन, २०७२) सम्मको पूर्वानुमानको विस्तृत जानकारी नेपाल खाद्य सुरक्षा बुलेटीन अंक ४६ मार्फत निम्न बिद्युतीय ठेगानामा उपलब्ध गराइने छ: www.neksap.org.np।

### ३. पृष्ठभूमी र तरीका

नेपालको ७५ मध्ये ७४ जिल्ला (काठमाडौं बाहेक) का जिल्ला खाद्य सुरक्षा सञ्जालहरु सहित नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) राष्ट्रव्यापी रुपमा कार्यरत छ । राष्ट्रिय योजना आयोगको रणनीतिक निर्देशन र यूरोपियन यूनियनको वित्तीय सहयोगमा, कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमले NeKSAP कार्यान्वयन गर्दछन् । थप साझेदारहरुमा, खाद्य तथा कृषि संगठन (FAO), Unicef, राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय, ICIMOD, र CGIAR कृषि तथा जलवायु अनुसन्धान कार्यक्रम, कृषि तथा खाद्य सुरक्षा (CCAFS) पर्दछन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले नेपालमा तीव्र खाद्य असुरक्षा को गम्भीरता र कारणहरु वर्गीकरण गर्नका लागि NeKSAP ***खाद्य सुरक्षा चरण वर्गिकरण*** विधीको प्रयोग गर्दछन्[1] । चरण वर्गिकरण विधी मार्फत जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले स्थापित प्रक्रिया र साधनहरुको प्रयोग गरि सहमतिका आधारमा खाद्य असुरक्षाको गम्भिरतालाई पाँच चरणमा वर्गिकरण गर्दछन् -

- **न्यूनतम खाद्य असुरक्षित (चरण १)-** यस अवस्थामा जीविकोपार्जनका पद्धतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैह्र खाद्य आवश्यकताहरु पूरा गरिरहेका (धानी रहेका) हुन्छन् ।
- **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था (चरण २)-** यस अवस्थामा घरधुरीहरुले परम्परागत निर्वाहपद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्छन्, तर केही अत्यावश्यक गैह्र खाद्य आवश्यकताका लागि भने पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरु नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन् ।
- **उच्चत्तम् खाद्य असुरक्षित अवस्था (चरण ३)-** यस अवस्थामा घरधुरीहरु खाद्य उपभोग अभावको उच्चतम

[1] नेपालको खाद्य सुरक्षा अवस्थाको समग्र चित्रणका लागि गम्भिर खाद्य असुरक्षा, कुपोषण र गरिबी सम्वन्धि थप स्रोत मार्फत उपलब्ध परिपूरक सूचनाहरु हेर्न जरुरी छ: नेपाल जनसंख्या र जनस्वास्थ्य सर्वेक्षण २०६७, नेपाल जीवनस्तर सर्वेक्षण २०६८, नेपालको खाद्य असुरक्षा र कुपोषणको लघु क्षेत्रीय अनुमान २०७०, र एकिकृत चरण वर्गिकरण गम्भिर खाद्य सुरक्षा विश्लेषण २०७० ।

अवस्थामा हुन्छन वा जीविकोपार्जनका साधनहरुको घट्दो परिस्थितिवाट मात्र न्यूनस्तरको खाद्य आवश्यकता पूरा गर्न सक्दछन् ।

- **आपतकालीन वा गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४)-** यस अवस्थामा घरधुरीहरुले जीविकोपार्जनका साधनहरु नगुमाइकन खाद्य तथा गैह्र खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्दैनन्; र
- **मानवीय आपतकालीन अवस्था (चरण ५)**- यस अवस्थामा घरधुरीहरु खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरुको चरम अभावमा हुन्छन् जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरुको परिपूर्ति नहुने गरी क्षति भएको र  मानवीय क्षति भएको प्रष्ट देखिन्छ ।




नक्सा १: नेपालको खाद्य सुरक्षा अवस्था (श्रावण २०७२ देखि कार्तिक २०७२)